# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८२ साल असार २० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः ०४/०८२**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको बजेट उपशीर्षक ३०१०००११३, खर्च शीर्षक २६४१२ अन्तर्गत भरतपुर महानगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि सशर्त अनुदान क्रियाकलापमा विनियोजित रू रू. ८ करोड ६६ लाख २० हजार मध्ये ३,०१,२०,८७८\| (अक्षेरुपी तीन करोड एक लाख बिस हजार आठ सय अठहत्तर) रकम आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत भरतपुर महानगरपालिकालाई सशर्त अनुदान उपलब्ध गराउने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | लिखु गाउँपालिकाको केन्द्र लिखु गाउँपालिकाको वडा नं. ४, गड्खारमा कायम गर्ने भनी लिखु गाउँपालिकाको गाउँ सभाले पारित गरी गाउँ कार्यपालिका मार्फत प्राप्त प्रस्ताव नेपाल सरकारमा पठाउने। |
| ३. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | सम्वत् २०८२ साल असार ३१ देखि साउन ६ गतेसम्म तदानुसार 15-22 July, 2025 सम्म भियतनाममा हुने वैदेशिक तालिम/भ्रमण कार्यक्रममा सहभागी हुन बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडाका प्रदेश सचिव श्री वैकुण्ठ अधिकारीलाई मनोनयन गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८२ साल असार १ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

**<u>प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः ०३/०८२</u>**

<table>
<tr><th>सि.नं.</th><th>मन्त्रालय</th><th>निर्णय</th></tr>
<tr><td>१.</td><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>जुन २३ देखि २५, २०२५ सम्म ल्हासामा आयोजना हुने नेपाल-चीनको तिब्बतबीच Sister Cities Cooperation and Exchange Meeting मा सहभागी हुन बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव श्री भूपाल बराल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव (कानून) श्री कृष्ण कुमार कार्की र नीति तथा योजना आयोगका प्रदेश सचिव श्री केशवराज सुवेदीलाई मनोनयन गर्ने।</td></tr>
<tr><td>२.</td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको अनुमान तथा सोसाथ संलग्न विवरणहरु स्वीकृत गर्ने।</td></tr>
<tr><td>३.</td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>प्रदेश आर्थिक विधेयक, २०८२ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>४.</td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>आर्थिक वर्ष २०८२/८३ को लागि तयार भएको प्रदेश विनियोजन विधेयक, २०८२ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>५.</td><td>स्वास्थ्य मन्त्रालय</td><td>स्वास्थ्य मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बघौडा अस्पताल, मन्थली अस्पताल, जिरी अस्पताल, मेलम्ची अस्पताल र दुधौली अस्पतालको स्तरोन्नतीमा विनियोजित बजेटबाट देहायबमोजिम प्रदेश सशर्त अनुदान उपलब्ध गराउने।<br><br>
<table>
<tr><th>स्थानीय तह</th><th>कार्यक्रमको नाम</th><th>रकम (रू हजारमा)</th></tr>
<tr><td>माडी नगरपालिका, चितवन</td><td>बघौडा अस्पतालको आकस्मिक तथा अत्यावश्यक सेवा सुदृढीकरण</td><td>२५,००</td></tr>
<tr><td>मन्थली नगरपालिका, रामेछाप</td><td>मन्थली अस्पतालको आकस्मिक तथा अत्यावश्यक सेवा सुदृढीकरण</td><td>२५,००</td></tr>
<tr><td>जिरी नगरपालिका, दोलखा</td><td>जिरी अस्पतालको आकस्मिक तथा अत्यावश्यक सेवा सुदृढीकरण</td><td>४५,००</td></tr>
</table></td></tr>
</table>

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | | | | |
|---|---|---|---|---|
| | | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | मेलम्ची अस्पतालको आकस्मिक तथा अत्यावश्यक सेवा सुदृढीकरण | २५,०० |
| | | दुधौली नगरपालिका, सिन्धुली | दुधौली अस्पतालको आकस्मिक तथा अत्यावश्यक सेवा सुदृढीकरण | २५,०० |
| ६. | स्वास्थ्य मन्त्रालय | प्रदेश सरकारलाई थप आर्थिक भार नपर्ने गरी बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्री माननीय श्री किरण थापा मगरको मिति २६ June देखी ०१ July २०२५ सम्मको चीन भ्रमण मनोनयन स्वीकृत गर्ने। | | |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।